सूर्यविनायक नगरपालिका, नगरकार्यपालिकाको मिति २०८३/०२/१९ गतेको २०८औं बैठक

बैठक संख्या: ४/२०८औं

आज मिति २०८३ जेष्ठ १९ गते मंगलबारका दिन यस सूर्यविनायक नगरपालिका नगर कार्यपालिकाको २०८औं बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायका विषयमा छलफल तथा निर्णय गरियो।

उपस्थिति :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बासुदेव थापा | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री सरिता तिमसिना भट्टराई | नगर उप-प्रमुख (सदस्य) | |
| ३ | श्री सानुकाजी कायस्थ | वडा अध्यक्ष वडा नं. १ (सदस्य) | |
| ४ | श्री प्रदिप कार्की | वडा अध्यक्ष वडा नं. २ (सदस्य) | |
| ५ | श्री दिपेन्द्र के.सी. | वडा अध्यक्ष वडा नं. ३ (सदस्य) | |
| ६ | श्री लछुराम न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ (सदस्य) | |
| ७ | श्री राजकुमार जोशी | वडा अध्यक्ष वडा नं. ५ (सदस्य) | |
| ८ | श्री ईश्वर खड्का | वडा अध्यक्ष वडा नं. ६ (सदस्य) | |
| ९ | श्री रबिन्द्र सापकोटा | वडा अध्यक्ष वडा नं. ७ (सदस्य) | |
| १० | श्री पुष्पराज बस्नेत | वडा अध्यक्ष वडा नं. ८ (सदस्य) | |
| ११ | श्री भगवान खत्री | वडा अध्यक्ष वडा नं. ९ (सदस्य) | |
| १२ | श्री शिवराम राउत | वडा अध्यक्ष वडा नं.१० (सदस्य) | |
| १३ | श्री तारा खतिवडा सापकोटा | कार्यपालिका सदस्य | |
| १४ | श्री कमला पोखरेल | कार्यपालिका सदस्य | |
| १५ | श्री शर्मिला बस्नेत | कार्यपालिका सदस्य | |
| १६ | श्री सावित्री मिश्र | कार्यपालिका सदस्य | |
| १७ | श्री हेमा दाहाल खतिवडा | कार्यपालिका सदस्य | |
| १८ | श्री सुमन परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रजुन तिखत्री | कार्यपालिका सदस्य | |
| २० | श्री सुनिल भुजेल | कार्यपालिका सदस्य | |
| २१ | श्री युवराज आचार्य | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

आमन्त्रित:

| क.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्पराज न्यौपाने | वरिष्ठ शाखा अधिकृत | |

२०८ औं



**प्रस्तावहरु:**

१. नियमित समिक्षा सम्बन्धमा।

२. नगरसभाको २०औं अधिवेशनको मिति तोक्ने सम्बन्धमा ।

३. समस्याग्रस्त सहकारी घोषणा कार्यविधि सम्बन्धमा।

४. आ.व. २०८१/८२ को अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।

५. सेवा निवृत्त पछिको सेवा सुविधा भुक्तानी सम्बन्धमा ।

६. विविध सम्बन्धमा।

**निर्णय नं. १: नियमित समीक्षा सम्बन्धमा:**

- कार्यपालिकाको २०७औं लगायत यस अघिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था बैठकमा प्रस्तुत भई आवश्यक छलफल तथा समीक्षा भयो । साथै आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न LISA तथा FRA को संयुक्त मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत भई छलफल तथा समीक्षा गरियो। मूल्याङ्कनमा सूर्यविनायक नगरपालिका ८८ अंक प्राप्त गरी देशभरमा १९औं स्थान हासिल गर्न सफल भएको व्यहोरा जानकारीका लागि प्रस्तुत भयो। उक्त उपलब्धिमा योगदान पुऱ्याउने नगर कार्यपालिका, विषयगत शाखा, वडा कार्यालय तथा सम्पूर्ण कर्मचारीहरूको कार्यसम्पादनको प्रशंसा गर्दै धन्यवाद ज्ञापन गर्ने। साथै, मूल्याङ्कनमा देखिएका सबल पक्षलाई निरन्तरता दिने, सुधार गर्नुपर्ने सूचकहरूमा कार्ययोजनासहित आवश्यक सुधारात्मक उपाय अवलम्बन गर्ने तथा आगामी मूल्याङ्कनमा थप उत्कृष्ट नतिजा हासिल गर्ने लक्ष्यसहित सम्बन्धित शाखाहरूलाई जिम्मेवारी निर्धारण गरी नियमित अनुगमन तथा समीक्षा गर्ने।

**निर्णय नं. २: नगरसभाको २०औं अधिवेशनको मिति तोक्ने सम्बन्धमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनी व्यवस्थाबमोजिम नगरसभाको २०औं अधिवेशन आह्वान गर्ने सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा आर्थिक विधेयक, २०८३ प्रस्तुत, छलफल तथा पारित गर्ने प्रयोजनका लागि नगरसभाको २०औं अधिवेशन २०८३ साल असार ९ गते मंगलबार बिहान ११:०० बजे प्रारम्भ हुने तथा आवश्यकता अनुसार असार १० गतेसम्म सञ्चालन गर्ने । साथै, उक्त अधिवेशनका लागि आवश्यक सूचना प्रकाशन, सभा सदस्यहरूलाई सूचना उपलब्ध गराउने, कार्यसूची तयारी तथा अन्य आवश्यक प्रशासनिक व्यवस्थापन मिलाउन प्रमुख प्रशासकीय अधिकृत (सभाका सचिव) लाई निर्देशन दिने।

**निर्णय नं. ३: प्रस्तावित "समस्याग्रस्त सहकारी घोषणा कार्यविधि, २०८३" को मस्यौदा सम्बन्धमा:**

नगरपालिकाभित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरूको प्रभावकारी नियमन, सदस्यहरूको बचत तथा हित संरक्षण र समस्याग्रस्त अवस्थामा रहेका सहकारी संस्थाको पहिचान, घोषणा, व्यवस्थापन तथा आवश्यक कारबाही प्रक्रियालाई व्यवस्थित गर्ने उद्देश्यले तयार गरिएको